**कमनवेल्थ अफ म्यासाचुसेट्स**
**स्वास्थ्य तथा मानव सेवा कार्यकारी कार्यालय**
**विकासात्मक सेवा विभाग**
**अटिजम डिभिजन**
**1000 Washington Street | Boston, MA 02118**

सेप्टेम्बर 2024

आदरणीय सामुदायिक प्रदायकज्यू,

तपाईंलाई अवगत नै होला, विकासात्मक सेवा विभाग (DDS) अन्तर्गत अटिजम डिभिजनले **न्यून आय भएका परिवारका अटिजम सहितका बालबालिकाका लागि बाल अटिजम छुट कार्यक्रम** नामक कार्यक्रम सञ्चालन गर्दछ। यस कार्यक्रमले MassHealth मानक बिमा गरेका वा प्राप्त गर्ने लगायत क्लिनिकल र आर्थिक दुवै योग्यता पूरा गर्ने **10 वर्ष मुनिका** बालबालिकाहरूलाई सेवा प्रदान गर्दछ। हाल बाल अटिजम छुट कार्यक्रमले प्रति वर्ष लगभग 500 बालबालिकाहरूलाई सेवा प्रदान गर्न सक्छ। कार्यक्रमले 3 वर्ष उमेरका र प्रारम्भिक हस्तक्षेपबाट बाहिरिँदै गरेका सङ्क्रमणकालीन अवस्थाका बालबालिकाहरूलाई आरक्षित क्षमता (45 राज्यव्यापी स्लटहरू) कायम राख्दछ। सबै छुट छुट सेवाहरू पाउनका लागि उनीहरू कार्यक्रममा सहभागी रहेसम्म छुट कार्यक्रमका लागि निर्धारित आर्थिक तथा क्लिनिकल योग्यता मापदण्डहरू निरन्तर पूरा गरिरहनुपर्दछ। हरेक वर्ष कार्यक्रममा समेटिने-बाहिरिनेको संख्या उच्च हुन्छ, त्यसैले हामी खुला स्लटहरू भर्नका लागि यो खुला निवेदन सूचीबाट छनोट गर्दछौँ।

आज, हामी बाल अटिजम छुट कार्यक्रमको आगामी **खुला निवेदन अवधि**को बारेमा यो जानकारी फैलाउनमा तपाईंको सहयोगका लागि अनुरोध गरिरहेका छौँ। अटिजम डिभिजनले **अक्टोबर 18, 2024 देखि नोभेम्बर 1, 2024 सम्म** बिचको अवधिमा यस कार्यक्रममा रुचि राख्ने परिवारहरूबाट **नयाँ आवेदन अनुरोधहरू स्वीकार गर्ने** छ। आवेदनहरू **देखि नोभेम्बर 1, 2024** भित्र अभिभावकबाट पोस्टमार्क वा इमेल गरिनुपर्ने छ।

यो घर तथा समुदायमा आधारित सेवा छुट एक Medicaid कार्यक्रम हो जुन अटिजम भएका बालबालिकाहरूलाई उनीहरूको घरमा रहन र तिनका परिवार र समुदायमा सक्रिय ढङ्गले सहभागी हुन सघाउनका लागि सेवाहरू प्रदान गर्न डिजाइन गरिएको हो। यस कार्यक्रमका लागि संघीय सरकारबाट आंशिक रूपमा कोष प्राप्त हुन्छ। छुट सेवाहरू IDEA (अपाङ्गता भएका व्यक्तिहरूसम्बन्धी शिक्षा ऐन) अन्तर्गत प्रदान गरिने विशेष शिक्षा सेवाहरूका पूरक हुन्। कार्यक्रमको सहयोगमा, हरेक परिवारले आफ्नो बच्चाको निर्धारित आवश्यकतालाई टेवा प्रदान गर्न परिवारले चाहेको थेरापी मोडेलका आधारमा बालबालिकाका लागि उपयुक्त हुने गरी डिजाइन गरिने सकारात्मक व्यवहारजन्य सहायता योजना सिर्जना गर्न विशेष चिकित्सक नियुक्त गर्नुपर्ने छ र उक्त योजनामा तोकिएको एकल गहन थेरापी प्रदान गर्नुपर्ने छ। कार्यक्रममा सामेल भएका परिवारहरूलाई सामुदायिक एकीकरण क्रियाकलापहरू, पारिवारिक प्रशिक्षण र विश्राम जस्ता अन्य छुट सेवाहरू छनोट गर्ने अवसर पनि हुन्छ, जुन उनीहरूका बालबालिकालाई व्यवहार, सामाजिक कौशल र सञ्चारसँग सम्बन्धित क्षेत्रहरूमा विकास गर्न मद्दत गर्न डिजाइन गरिएको हुन्छ।

बाल अटिजम छुट कार्यक्रम खुला अनुरोध आवेदन र खुला निवेदन पारिवारिक सारांशको प्रतिलिपि अङ्ग्रेजीमा संलग्न गरिएको छ। आवेदन फाराम, परिवारका लागि सूचना र सम्बन्धित सामग्रीहरू (विभिन्न भाषाहरूमा*) DDS को वेबसाइट www.mass.gov/DDS र सात क्षेत्रीय अटिजम सहायता केन्द्रहरू (केन्द्रहरूको सूची DDS वेबसाइटमा उपलब्ध छ ) मा पनि उपलब्ध हुने छन्। यदि तपाईंसँग यस आवेदन प्रक्रियाको बारेमा कुनै प्रश्नहरू छन् भने कृपया अटिजम डिभिजनको इमेल AutismDivision@mass.gov मा वा तपाईंको स्थानीय अटिजम सहायता केन्द्रमा सम्पर्क गर्न नहिच्किचाउनुहोस्।

भवदीय,

Mary Kate Haswell
बाल अटिजम छुट कार्यक्रम प्रबन्धक

Stephanie Coburn
बाल अटिजम छुट कार्यक्रम प्रबन्धक